# विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन नीति, २०७८

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

२०७८

विषय सूची


विषय सूची ........................................ १

खण्ड १ परिचय ........................................ ३

१.१ पृष्ठभूमि ........................................ ३

१.२. हालसम्मको प्रयास र उपलब्धि ........................................ ४

१.३ समस्या, चुनौती र अवसर ........................................ ५

१.३.१ समस्या : ........................................ ५

१.३.२ चुनौती : ........................................ ५

१.३.३ अवसर : ........................................ ६

१.४ नीतिको आवश्यकता ........................................ ६

खण्ड २ बागमती प्रदेश विज्ञान तथा प्रविधि र नवप्रवर्तन नीति ........................................ ८

२.१ दीर्घकालीन सोच ........................................ ८

२.२ लक्ष्य ........................................ ८

२.३ उद्देश्य ........................................ ८

२.४. प्राथमिकता क्षेत्र ........................................ ९

२.५ नीति, रणनीति तथा कार्यनीति ........................................ १०

नीति २.५.१ ........................................ १०

नीति २.५.२. ........................................ ११

नीति २.५.३ ........................................ १२

नीति २.५.४ ........................................ १३

नीति २.५.५ ........................................ १४

नीति २.५.६ ........................................ १५

नीति २.५.७ ........................................ १६

नीति २.५.८ ........................................ १७

नीति २.५.९ ........................................ १९

नीति २.५.१० ........................................ १९

नीति २.५.११ ........................................ २०




CamScanner

खण्ड ३ नीति तथा संस्थागत व्यवस्था .......... २२

३.१ विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन क्षेत्रको निर्देशक नीति .......... २२

३.२ प्रदेश विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साइन्स क्याविनेट) .......... २२

३.३ विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तन सञ्चालक समिति .......... २३

३.४ आर्थिक व्यवस्था .......... २४

३.४.१ विज्ञान तथा प्रविधि अनुसन्धान र बजेट व्यवस्था .......... २४

३.४.२ विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कार्यक्रम .......... २४

३.५ कानूनी व्यवस्था .......... २४

३.६ अन्य नीति सँगको सम्बन्ध .......... २५

३.७ नीति कार्यान्वयनको जिम्मेवारी .......... २५

३.८ नीतिको कार्यक्षेत्र .......... २५

३.९ नीति परिमार्जन तथा सुधार .......... २५


प्रमुख सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## खण्ड १ परिचय

### १.१ पृष्ठभूमि

विज्ञान भनेको प्रकृतिको नियम पत्ता लगाई सत्य उजागर गर्ने प्रकृया हो । मानव सभ्यताको उषाकालदेखि नै विज्ञानले प्रकृतिका असङ्ख्य नियम र अद्भुत संरचनाहरूको अन्वेषण/अनुसन्धान गरी मानव ज्ञानको दायरालाई फराकिलो बनाउँदै आएको छ । यही वैज्ञानिक ज्ञान र चेतनाबाट निसृत प्रविधिको विकास एवम् उपयोगबाट मानव जीवन समृद्ध र गुणस्तरीय हुँदै गएको छ । विज्ञान तथा प्रविधिलाई सामाजिक रूपान्तरणको आधार र आर्थिक विकासको चालक मानिन्छ । कृषि युगको शुरुवातसँगै मानव जातीले खेतीका लागि आवश्यक उपयुक्त मौसम, बीउ र बालीका प्रजाति , औजार, पोषकतत्त्व आदिका बारेमा क्रमबद्ध रूपमा अध्ययन गरी प्रविधिहरूको विकास गर्दै आएका छन् । फलस्वरूप उत्पादन र उत्पादकत्वमा वृद्धि भई मानव जीवनलाई भोकमरी र रोग व्याधिबाट बचाउँदै दीर्घ एवम् सुविधायुक्त जीवनयापन गर्न सफलता मिलेको छ । कुनैपनि मुलुकको आर्थिक समृद्धि र सामाजिक रूपान्तरणको मूल आधार त्यस देशले नवप्रवर्तनमा गरेको लगानी, वैज्ञानिक अनुसन्धान तथा प्रविधिको विकास तथा प्रवर्द्धन र सोको उपयोग रहेको देखिन्छ ।

नेपालमा राजनैतिक परिवर्तनसँगै संविधानले सामाजिक तथा भौगोलिक विविधतालाई आत्मसात् गरी लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माण गर्ने गन्तव्य निर्धारण गरेको छ । संविधानको भाग ३ ले प्रत्याभूत गरेका मौलिक हक र कर्तव्य तथा भाग ४ ले निर्देशित गरेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयन गर्नका लागि वैज्ञानिक शिक्षा, समस्या समाधानमा आधारित अनुसन्धान, नवप्रवर्तन, प्रविधिको विकास, वैज्ञानिक र नवप्रवर्तनको लागि आवश्यक क्षमता विकास एवम् रचनात्मक मौलिक सोच, नव-उद्यम र उद्यमशीलताको विकासमा जोड दिनु पर्दछ ।

नेपालको संविधानले विज्ञान तथा प्रविधि मार्फत देशलाई समृद्ध र समुन्नत राज्य बनाउन निर्दिष्ट गरेको छ । धारा ५१ को उपधारा (च) को (४) ले वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने (५) मा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने, उपधारा (छ) को (३) मा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्ने, (४) मा जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन, (५) मा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने, (७) मा नकारात्मक वातावरणीय प्रभाव निर्मूल गर्न उपयुक्त उपायहरूको अवलम्बन गर्ने, (९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचनाको व्यवस्था गर्ने, नीति लिएको छ । सोही धाराको (ज) (१) ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारीमूलक एवम्

जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने, (९) मा स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिने, नेपाललाई समृद्ध तथा समुन्नत बनाउन राज्यको दायित्व भित्र पर्ने व्यवस्था गरेको छ । यीनै प्रावधान र मर्मलाई आत्मसात् गर्दै नेपाल सरकारले राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ तर्जुमा गरेको छ।

वैज्ञानिक शिक्षा, अध्ययन, अनुसन्धान, नवप्रवर्तन एवम् प्रविधिको विकासमा लगानी अभिवृद्धि गरी देशको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै नागरिकको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउने उद्देश्य सहित दिगो विकासको लक्ष्य हासिल गर्न राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीतिसँग तादात्म्य राखी नेपालको संविधानको अनुसूची ७ को क्रमसङ्ख्या (२२) बमोजिम वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधनको विकास गर्न संघ र प्रदेश दुबैको साझा दायित्व रहेकाले संविधानको मर्म अनुरूप राष्ट्रिय लक्ष्य हासिल गर्न बागमती प्रदेश सरकारले प्रदेशको परिप्रेक्ष्य सुहाउँदो विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन नीति २०७८ तर्जुमा गरेको छ ।

### १.२. हालसम्मको प्रयास र उपलब्धि

नेपालमा आधुनिक विज्ञान तथा प्रविधि विकासको सुरुवात विकसित देशहरूमा जस्तो धेरै लामो नभएपनि विज्ञान विषयका जनशक्तिको आवश्यकता महसुस गरी सन् १९१८ देखि त्रि-चन्द्र कलेजमा विज्ञान विषयमा प्रवीणता प्रमाणपत्र तहको कक्षाबाट सुरु भई सन् १९६५ मा विज्ञान विषयका स्नातकोत्तर तहका कक्षाहरू त्रिभुवन विश्वविद्यालयबाट शुरु भएको पाइन्छ। शैक्षिक कार्यक्रमको सुरुवात पछि विज्ञान तथा प्रविधिमा अनुसन्धान कार्यको अपरिहार्यता र महत्त्व बुझी सन् १९७७ मा त्रिभुवन विश्वविद्यालयमा "व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकाष्ट)" स्थापना भयो । त्यसपछि सन् १९८२ मा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट)", सन् १९९१ मा कृषि अनुसन्धान परिषद् (नार्क) हुँदै हाल आएर सरकारी तथा निजी गरी दर्जनौंको संख्यामा विज्ञान तथा प्रविधि विषयका शैक्षिक तथा अनुसन्धान केन्द्रहरू स्थापना भई क्रियाशिल रहँदै आएका छन् । विज्ञान तथा प्रविधिको महत्त्वलाई आत्मसाथ गर्दै वि.सं. २०५३ सालमा विज्ञान तथा प्रविधि मन्त्रालय स्थापना भई २०६१ सालमा मन्त्रालयले राष्ट्रिय विज्ञान तथा प्रविधि नीति जारी गरी विज्ञान तथा प्रविधिको विकासलाई योजनाबद्ध रूपमा अगाडि बढाउने कार्य थालनी भयो ।

नेपालको संविधान बमोजिम देशको शासन प्रणाली सङ्घीय संरचनामा रूपान्तरण भएपश्चात् विज्ञान प्रविधिको जिम्मेवारी साझा सूचीमा समावेश भए अनुसार सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र बागमती प्रदेशमा सामाजिक विकास मन्त्रालय अन्तर्गत रहेको छ । बागमती प्रदेश विज्ञान तथा प्रविधि शिक्षा, अनुसन्धान पूर्वाधार र जनशक्ति उपलब्धताको हिसाबमा अग्रणी स्थानमा रहेको छ ।

बागमती प्रदेश सरकारले प्रदेशका युवा वैज्ञानिकलाई अनुसन्धान तथा नवप्रवर्तनमा प्रोत्साहन गर्न युवा वैज्ञानिक प्रोत्साहन कोष स्थापना गरी कार्यान्वयनमा ल्याई सकेको छ । बागमती प्रदेशमा वन, कृषि, ऊर्जा, सूचना प्रविधि, जैविक प्रविधि र स्वास्थ्य क्षेत्रमा विज्ञान तथा प्रविधिको उपयोगको प्रचुर सम्भावना रहेकोले प्रदेशको सामाजिक र आर्थिक विकासमा ठोस उपलब्धि हासिल गर्न छुट्टै विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन नीतिको आवश्यकता छ ।

## १.३ समस्या, चुनौती र अवसर

बागमती प्रदेशको विज्ञान तथा प्रविधि र नवप्रवर्तनको क्षेत्रमा देहायबमोजिम समस्या, चुनौती र अवसरहरू रहेका छन्:

### १.३.१ समस्या :

विज्ञान तथा प्रविधि र नवप्रवर्तनलाई पर्याप्त प्राथमिकता दिन नसकिनु, समय सापेक्ष नीति तथा कानुनको अभाव, अनुसन्धान र प्रविधि विकासका लागि वैज्ञानिक पूर्वाधारको अभाव, अनुसन्धान र नवप्रवर्तनमा न्यून लगानी, देशको शिक्षा र उत्पादन प्रणाली विज्ञान तथा प्रविधिसँग नजोडिनु, विज्ञान र प्रविधिको विकासमा निजीक्षेत्रको आकर्षण नदेखिनु, विश्वमा भइरहेका उदीयमान वैज्ञानिक अध्ययन अनुसन्धानमा संस्थागत पहुँच नहुनु, अनुसन्धानमा विनियोजित बजेट छरिएर रहनु र त्यस्तो श्रोतबाट गुणस्तरीय र परिणाममुखी नतिजा नआउनु, एकीकृत रूपमा अनुसन्धानको अभिलेखीकरण नहुँदा अनुसन्धानमा दोहोरोपन हुनु, अनुसन्धान र नवप्रवर्तनमा प्राथमिकीकरणको अभाव हुनु, अनुसन्धानका लागि आवश्यक विशिष्टिकृत प्रयोगशाला र जनशक्ति अभाव हुनु, मुलुक भित्र अवसरको अभावमा देशका युवा वैज्ञानिक जनशक्ति पलायन हुनु, लगायतका समस्याहरू मूल रूपमा रहेका छन् ।

### १.३.२ चुनौती :

विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र नवप्रवर्तन मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरी समृद्ध प्रदेशको रूपमा रूपान्तरण गर्नु चुनौती रहेको छ । विज्ञान तथा प्रविधिको अनुसन्धानलाई प्रदेशको प्राथमिकतामा राख्नु, युवा वैज्ञानिक जनशक्तिलाई प्रदेशको समृद्धि र सामाजिक रूपान्तरणमा परिचालन गर्नु, अनुसन्धानका संस्थागत संयन्त्र र अन्तर-निकायहरू बीच समन्वय कायम गर्नु, वैज्ञानिक अनुसन्धान विज्ञान प्रविधिको विकास तथा नवप्रवर्तनका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्नु, वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनमा लगानी बढाउनु र दूर दराजसम्म पहुँच पुऱ्याउनु, शिक्षा प्रणालीलाई नवप्रवर्तन र अनुसन्धानमुखी बनाउनु, भइरहेका अनुसन्धान केन्द्र तथा प्रयोगशालाहरूको सबलीकरण सुधार र पुनः संरचना गर्नु, विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनमा अनुसन्धान संस्था, र औद्योगिक प्रतिष्ठानहरू बीच सहकार्यको वातावरण बनाउनु, नवप्रवर्तन र प्रविधिको विकासलाई उद्यमशीलता र उत्पादनसँग प्रत्यक्ष जोड्नु, प्रतिभाशाली स्वदेशी एवम् पलायन भएका वैज्ञानिक र

प्राविधिकहरूलाई प्रदेश भित्रै यथेष्ट अवसर दिई आकर्षित गर्नु, जस्ता विषयहरू प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### १.३.३ अवसर :

विश्वमै उदीयमान विज्ञान प्रविधि र मौलिक ज्ञानमा आधारित उद्यम र उद्यमशीलता बढ्दै जानु, नविनतम् अनुसन्धान र विकसित प्रविधि प्रति जनसमुदायको माग र चाहना बढ्नु, देशमा विज्ञान तथा प्रविधि मार्फत समृद्धि हासिल गर्ने खालका नीति तथा कार्ययोजनाले महत्त्व पाउँदै जानु तथा सङ्घीय शिक्षा र विज्ञान प्रविधि तथा नवप्रवर्तन नीतिको कार्यान्वयनले पनि अवसर सिर्जना गरेको छ । बागमती प्रदेश भित्र स्थापित विश्वविद्यालयहरू, विज्ञान तथा प्रविधिका अनुसन्धान प्रतिष्ठान र प्रयोगशालाहरू, वैज्ञानिक तथा प्राविधिक जनशक्तिको उपलब्धता, बागमती प्रदेश युवा वैज्ञानिक प्रोत्साहन कोष, प्रादेशिक शिक्षा नीति, बागमती प्रदेशको भौगोलिक र जैविक विविधता, परम्परागत ज्ञान र सीपको भण्डार, आदि विज्ञान तथा प्रविधि र नवप्रवर्तनबाट बागमती प्रदेशको समृद्धि हासिल गर्ने प्रमुख आधार र अवसरहरू हुन् ।

## १.४ नीतिको आवश्यकता

देशमा आमूल राजनैतिक परिवर्तन भई नेपालको संविधान बमोजिम सङ्घीयताको कार्यान्वयन भएसँगै सङ्घीय र प्रदेश सरकार एवम् स्थानीय तह गठन भएको छ । नेपालको संविधानको अनुसूची ७ को क्रमसङ्ख्या (२२) अनुरूप वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधनको विकास गर्न संघ र प्रदेशको दुबैको साझा कार्यक्षेत्र रहेकाले संविधानको मर्म अनुरूप देहायका कारणले बागमती प्रदेशको विज्ञान प्रविधि तथा नवप्रवर्तन नीतिको आवश्यकता देखिएको छ :-

क. संविधान प्रदत्त स्वच्छ वातावरणको हक, शिक्षाको हक, स्वास्थ्यको हक, खाद्य सम्बन्धी हक आदि जस्ता नागरिकका मौलिक हकको कार्यान्वयन र उपलब्धि हासिल गर्न वैज्ञानिक अनुसन्धान, प्रविधिको विकास र नवप्रवर्तनको महत्त्वपूर्ण योगदान रहने हुँदा विज्ञान, प्रविधि र नवप्रवर्तनको समुचित प्रयोग गरी प्रदेशको आर्थिक समृद्धि, नागरिकको जीवनस्तर अभिवृद्धि र सामाजिक रूपान्तरण गर्न,

ख. प्रादेशिक विश्वविद्यालय, प्रदेश भित्रका विज्ञान, प्रविधि र अनुसन्धानको क्षेत्रमा क्रियाशिल निकायहरू बीच समन्वय र सहकार्य गरी अनुसन्धान र नवप्रवर्तन गर्ने कार्यलाई एउटै छातामुनि आबद्ध गरी प्रदेशमा अनुसन्धान र नवप्रवर्तनका लागि लगानी वृद्धि गर्न,

ग. देश भित्रका तथा विदेशबाट फर्किएका वैज्ञानिक, प्राविधिक तथा नवप्रवर्तकहरूलाई नवीन सोचमा आधारित अनुसन्धान र खोज तथा आविष्कारमा प्रोत्साहित गर्नका लागि प्रादेशिक विज्ञान प्रविधि र नवप्रवर्तन केन्द्र स्थापना गर्न,

घ. प्रदेशको समृद्धिका लागि तय गरिएका नीति तथा योजनाहरूको कार्यान्वयन मार्फत अपेक्षित उपलब्धि हासिल गर्न चाहिने वैज्ञानिक तथा प्रविधिक जनशक्ति र प्रविधिको विकास गरी प्रदेशको सामाजिक आर्थिक विकासमा सहयोग पुऱ्याउन,

ङ. प्रदेशको विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने गरी वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट विकास गरिएका प्रविधिको उपयोग र हस्तान्तरण गरी नवीन प्रविधिमा आधारित उद्यम र उद्यमशीलताको विकास गर्न,

च. विज्ञान प्रविधि तथा नवप्रवर्तनको माध्यमबाट प्रदेशको जैविक विविधताको संरक्षण, प्राकृतिक श्रोतको दिगो उपयोग, परम्परागत ज्ञान, सीप र प्रविधिको स्तरोन्नती गर्दै समृद्धि हासिल गर्न,

छ. सामाजिक र भौगोलिक अवस्थिति र जैविक प्रकृया कारण पिछडिएका वर्गहरू, वृद्ध, बालबालिका, अशक्त र बौद्धिक, शारीरिक लगायत विविध अपाङ्गता भएका नागरिकहरूको समाजमा सम्मानजनक र गुणस्तरीय जीवनका लागि विज्ञान प्रविधि तथा नवप्रवर्तनमुखी शिक्षा, प्रविधि विकास, पेशागत उद्यम र उद्यमशीलताको विकास गर्न ।

प्रमुख सचिव

## खण्ड २ बागमती प्रदेश विज्ञान तथा प्रविधि र नवप्रवर्तन नीति

### २.१ दीर्घकालीन सोच

प्रदेशको आर्थिक संवृद्धि, सामाजिक विकास तथा नागरिकको गुणस्तरीय जीवनको लागि विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन ।

### २.२ लक्ष्य

विज्ञान प्रविधिको क्षेत्रमा अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गरी सोको उपयोगबाट वैज्ञानिक संस्कारको विकास, मौलिक प्रविधिमा आधारित उद्यम र उद्यमशीलताको प्रवर्द्धन, उत्पादन र उत्पादकत्व वृद्धि गरी प्रदेशको आर्थिक विकास र नागरिकको गुणस्तरीय जीवन सुनिश्चित गर्दै समृद्ध समाज निर्माणमा योगदान गर्ने ।

### २.३ उद्देश्य

विज्ञान प्रविधिमा अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट , शिक्षा, स्वास्थ्य, कृषि, वन, वातावरण, पर्यटन, जलस्रोत, ऊर्जा, पूर्वाधार विकास, विपद् व्यवस्थापन, जलवायु परिवर्तन, उद्योग, खाद्य, सूचना प्रविधि र नागरिकको सुरक्षा आदि क्षेत्रमा गुणस्तरीय र परिणाममुखी नतिजा हासिल गरी आर्थिक विकास र नागरिकको गुणस्तरीय जीवन हासिल गर्दै समृद्ध समाज निर्माण गर्नु यस नीतिको मूल उद्देश्य हुनेछ । यस नीतिका थप उद्देश्यहरू देहाय बमोजिम छन्:

क. विज्ञान तथा प्रविधिको क्षेत्रमा नवीनतम् सोचमा आधारित नवप्रवर्तनात्मक अनुसन्धान, वैज्ञानिक जनशक्ति विकास, नयाँ ज्ञान-सीप र प्रविधि युक्त मौलिक उद्यम र उद्यमशीलताको विकास, उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी आर्थिक र सामाजिक समृद्धि हासिल गर्नु ।

ख. जैविक विविधता, भू तथा जलाधार संरक्षण, प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोग र परिचालन, विपद् न्यूनीकरणका उपायहरूको खोजी तथा पर्यावरणीय सन्तुलन कायम गर्न वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट मौलिक सोच र प्रविधिहरूको विकास गर्नु।

ग. विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनमा लगानी अभिवृद्धि, पूर्वाधार विकास एवम् समपूरक अनुसन्धान प्रणालीको स्थापना गरी कार्यात्मक र परिणाममुखी नतिजा हासिल गर्न सम्बन्धित निकायबीच आपसी समन्वय र सहकार्यको लागि उच्चस्तरीय संयन्त्रको निर्माणको लागि कानुनी आधार तयार गर्नु ।

घ. परम्परागत ज्ञान, सीप र प्रविधिको खोज, व्यवहारिक र समस्या समाधानमा आधारित अनुसन्धान र नवप्रवर्तनमुखी एवम् वैज्ञानिक संस्कारको अवलम्बन गरी सामाजिक रूपान्तरण गर्नु ।

## २.४. प्राथमिकता क्षेत्र

विश्वका नविनतम् र अत्याधुनिक (Cutting Edge) प्रविधिहरू- आर्टिफिसियल इन्टेलिजेन्स, सूचना प्रविधि, ईन्जिनियरिङ्ग, नानो प्रविधि, रोवटिक्स, जैविक प्रविधि, जेनेटिक ईन्जिनियरिङ्ग लगायतका प्रविधिको विकास र प्रयोग मार्फत बागमती प्रदेशको आर्थिक सामाजिक समृद्धि हासिल गर्ने लक्ष्यका साथ देहाय बमोजिमका प्राथमिकता क्षेत्र निर्धारण गरिएको छ :

क. वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनका लागि सुविधा सम्पन्न प्रादेशिक विज्ञान प्रविधि तथा नवप्रवर्तन केन्द्र र दूर दराजसम्म पहुँच सुनिश्चित हुने गरी आईडिया ईनकुवेसन सेन्टरको स्थापना,

ख. विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तन मार्फत प्रदेशको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि,

ग. जैविक पदार्थ रूपान्तरण तथा ईन्जिनियरिङ्ग (Bio material conversion and Engineering), केमिकल ईन्जिनियरिङ्ग, मोलिकुलर वायोलोजी, जेनेटिक ईन्जिनियरिङ्ग, जीन एडिटिङ्ग, जेनेटिक इन्जिनियरिङ्ग, स्टेम सेल प्रविधि, जीन थेरापी, ईम्युनो प्रविधि, नानो प्रविधि, पर्सनलाईज्ड मेडिसिन र फुड एण्ड न्यूट्रिसन लगायत उदीयमान विज्ञानका क्षेत्रमा अनुसन्धान, नवप्रवर्तन र जनशक्तिको विकास,

घ. नवीकरणीय ऊर्जा, जैविक ऊर्जा, यातायात, पर्यटन जस्ता क्षेत्रहरूमा नवप्रवर्तन अनुसन्धान र विकास,

ङ. जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण, जैविक विविधता, भू तथा जलाधार संरक्षण र सन्तुलित पारिस्थितिक प्रणाली कायम राख्ने,

च. कृषिको व्यवसायीकरण र आधुनिकीकरण, पर्वतीय हरित अर्थतन्त्रको विकास र भूमिको सहि उपयोग,

छ. मानव उपयोगी र भौतिक पूर्वाधार विकाससँग सम्बन्धित आवश्यक सामग्रीको लागि नवीन पदार्थ (New Material) को अनुसन्धान तथा विकास,

ज. जैविक तथा बहुमूल्य प्राकृतिक स्रोतको दिगो उपयोग र व्यवसायिकीकरणका लागि प्रविधि विकास, डिजिटल अर्थतन्त्र, विद्युतीय सु-शासन र सेवा प्रवाह, कृत्रिम बौद्धिकता र नागरिक सूचना प्रणालीको सुरक्षाको लागि प्रविधिको उपयोग,

झ. परम्परागत मौलिक ज्ञान, सीप र प्रविधि तथा वैज्ञानिकको व्यवस्थित अभिलेख, विज्ञान प्रविधि र नवप्रवर्तन मार्फत परम्परागत तथा स्थानीय मौलिक प्रविधिको विकास,

ञ. प्रदेश भित्र दैनिक उपभोग्य वस्तुहरूको गुणस्तर कायम राख्न प्रादेशिक मापदण्ड निर्धारण ।

ट. वृद्ध, बालबालिका, अशक्त र अपाङ्गता भएका व्यक्तिको गुणस्तरीय जीवन यापनका लागि सुहाउँदो प्रविधिको विकास ।

प्रमुख सचिव

## २.५ नीति, रणनीति तथा कार्यनीति

यस नीतिको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्न देहायका नीति, रणनीति तथा कार्यनीतिहरु लिइएको छः

क. विज्ञान तथा प्रविधिको क्षेत्रमा नवीनतम् सोचमा आधारित नवप्रवर्तनात्मक अनुसन्धान, वैज्ञानिक जनशक्ति विकास, नयाँ ज्ञान-सीप र प्रविधि युक्त मौलिक उद्यम र उद्यमशीलताको विकास, उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी आर्थिक र सामाजिक समृद्धि हासिल गर्ने उद्देश्य सँग सम्बन्धित ।

नीति २.५.१ विज्ञान प्रविधिका उदीयमान क्षेत्रहरूमा अनुसन्धान र नवप्रवर्तन मार्फत नवीनतम् सोच, ज्ञान, सीप र प्रविधि हासिल गरी प्रदेशको आर्थिक विकास र सामाजिक समृद्धिमा टेवा पुऱ्याउने ।

### २.५.१.१. रणनीति

अ. विज्ञान तथा प्रविधिका क्षेत्रमा अनुसन्धान, नवप्रवर्तन, दक्ष जनशक्ति विकास र परिचालनको लागि आवश्यक लगानी अभिवृद्धि गरी पूर्वाधारको विकास गर्ने ।

आ. विज्ञान प्रविधिका उदीयमान क्षेत्रहरूमा गरिने अनुसन्धान, अन्वेषण र नवप्रवर्तनद्वारा हासिल हुने ज्ञान, सीप र प्रविधिको उपयोग गरी उद्यम र उद्यमशीलको विकास मार्फत प्रदेशको आर्थिक सामाजिक समृद्धिमा योगदान पुऱ्याउने ।

### २.५.१.१.१. कार्यनीति

क. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका लागि प्रदेश भित्र उपयुक्त स्थानमा सुविधा सम्पन्न प्रादेशिक विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन केन्द्र स्थापना गरिनेछ। (अ)

ख. श्रोतको सुनिश्चितताका आधारमा विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन केन्द्रबाट विषय विधागत् अनुसन्धान, नवप्रवर्तन, नवीनतम् सोच र प्रविधि विकास, परीक्षण, प्रमाणीकरण तथा क्यालिब्रेसन आदि कार्यहरू गरिनेछ । (अ)

ग. प्रविधिको पछिल्लो क्रान्तिमा सहभागी हुँदै प्रदेशको भौगोलिक विशिष्टताका आधारमा अन्य स्थानहरूमा नवप्रवर्तन केन्द्रहरूको विस्तार गर्दै लगिनेछ । (अ)

घ. उदीयमान तथा आधुनिक प्रविधिको प्रयोग अभिवृद्धि गरी प्राकृतिक स्रोतमाथिको निर्भरता न्यूनीकरण गर्दै लगिनेछ । (अ)

ङ. राष्ट्रिय-अन्तर्राष्ट्रिय अनुसन्धान तथा नवप्रवर्तन प्रतिष्ठान एवम् विश्वविद्यालयसँग प्रादेशिक विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन केन्द्रको सम्बन्ध विस्तार गरिनेछ । (अ)

च. जैविक प्रविधि, जेनेटिक इन्जिनियरिङ्ग, सूचना प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स, रोबोटिक्स, जस्ता उदीयमान र नविनतम् प्रविधिहरूको विकास तथा उपयोग गरी उद्योग, व्यवसाय, सेवा र अन्य क्षेत्रहरूको तीव्र विकासमा सघाउ पुऱ्याईनेछ । (आ)

छ. सर्ने तथा नसर्ने रोगहरूको पहिचान र निदानका लागि जेनेटिक इन्जिनियरिङ्ग, स्टेम सेल प्रविधि, जीन थेरापी, जीन एडिटिङ्ग, ईम्युनो प्रविधि, बायोमेडिकल जस्ता उदीयमान प्रविधि र जनशक्तिको विकास गरी नविनत चिकित्सा पद्धतिको थालनी गरिनेछ । (आ)

ज. नवीकरणीय ऊर्जा, जैविक ऊर्जा, यातायात, पर्यटन जस्ता क्षेत्रहरूमा उदीयमान विज्ञान तथा प्रविधिको उपयोग गर्न अध्ययन अनुसन्धान र नवप्रवर्तनकारी कार्यलाई प्राथमिकता दिइनेछ। (आ)

झ. मानवीय हितको लागि आवश्यक रासायनिक, भौतिक तथा जैविक पदार्थको वैज्ञानिक अध्ययन अनुसन्धानमा जोड दिइनेछ । (आ)

ञ. वृद्ध, बालबालिका, अशक्त र बौद्धिक तथा शारीरिक अपाङ्गता भएका नागरिकहरूको जीवन सहज र गुणस्तरीय बनाई राष्ट्र विकासमा योगदान पुऱ्याउन उपयुक्त प्रविधिको विकास गरिनेछ । (आ)

नीति २.५.२. विज्ञान तथा प्रविधिमा अनुसन्धान र नवप्रवर्तनबाट प्रदेशका युवा वैज्ञानिकहरूमा नवीनतम् सोच, सीप र क्षमताको विकास गर्दै ज्ञानमा आधारित मौलिक उद्यम र उद्यमशीलताको विकास गर्ने । (२.३ क)

<u>२.५.२.१ रणनीति</u>

अ. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तन मार्फत युवाहरूमा नवीनतम् सोच, वैज्ञानिक संस्कार, क्षमता र सीप विकास गर्ने ।

आ. युवा वैज्ञानिकहरूलाई विज्ञान, प्रविधि र नवप्रवर्तनमा उपयुक्त वातावरण सृजना गरी प्रोत्साहित गर्न श्रोतको उपलब्धताको आधारमा प्रयोगशाला तथा आईडिया ईनकुवेसन सेन्टरहरूको स्थापना गर्नुका साथै सरकारी-प्राज्ञिक-औद्योगिक निकायहरूको सहकार्यमा समस्या-समाधानमा आधारित अनुसन्धानमा जोड दिने ।

<u>२.५.२.१.१ कार्यनीति</u>

क. वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनका अवसरहरू सृजना गरी युवाहरूमा नयाँ सोच, वैज्ञानिक संस्कार, मौलिक प्रविधिको विकास गर्न प्रोत्साहित गरिनेछ । (अ)

ख. प्रतिभावान् तथा नवीनतम् सोच भएका युवा वैज्ञानिकलाई रणनीतिक अनुसन्धान, उद्यमशीलता र व्यावसायिकता विकासका लागि रचनात्मक सोच, प्राविधिक सीप र क्षमता विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ । (अ)

ग. प्रादेशिक विज्ञान तथा प्रविधि र नवप्रवर्तन केन्द्र लाई सुदृढ गर्दै विधागत रूपमा विभिन्न विषयका विज्ञान तथा प्रविधि सन्दर्भ प्रयोगशाला (Reference Laboratory) को रूपमा विकास गरिनेछ । (आ)

घ. आईडिया ईनकुवेसन सेन्टरलाई प्रदेशको दुर्गम भेगका युवाहरूमा समेत पहुँच पुग्ने गरी क्रमशः पालिका स्तरमा विस्तार गरिनेछ । (आ)

ङ. विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कार्यलाई ठोस समस्या-समाधानमा आधारित रही "तपाई यो आफै गर्नुहोस्" (Do it Yourself, DIY) जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ। (आ)

च. विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तनमा योगदान पुऱ्याउन सरकारी, निजी तथा वैदेशिक क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ । (आ)

नीति २.५.३ कृषि, चिकित्सा, वन, वातावरण, पर्यटन, उद्योग, सूचना तथा प्रविधि, पूर्वाधार विकास लगायतका क्षेत्रमा विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनको प्रयोग गर्दै प्रदेशको समृद्धि हासिल गर्ने । (२.३ क)

२.५.३.१ रणनीति

अ. कृषि, चिकित्सा, वन, वातावरण, पर्यटन, उद्योग, सूचना-प्रविधि लगायतका क्षेत्रहरूमा विज्ञान तथा प्रविधि मार्फत परिणाममुखी नतिजा हासिल गर्न अनुसन्धान र नवप्रवर्तनका कार्यक्रमहरू लागू गर्ने ।

आ. पूर्वाधार विकास र निर्माणका क्षेत्रमा वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट नयाँ प्रविधि र पदार्थहरूको विकास गर्ने ।

२.५.३.१.१ कार्यनीति

क. विज्ञान तथा प्रविधि अनुसन्धान मार्फत कृषि तथा वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ । (अ)

ख. आर्टिफिसियल इन्टेलिजेन्स, सूचना-प्रविधि, नानो प्रविधि, जैविक प्रविधिको प्रयोग गरी नवीनतम् उद्यम तथा उद्यमशीलताको विकास गरिनेछ । (अ)

ग. सडक, विद्युत्, पुल, भवन निर्माण लगायतका भौतिक पूर्वाधार विकासमा आधुनिक प्रविधिको प्रयोग गरी पूर्वाधार निर्माणलाई सुरक्षित, मितव्ययी, पँहुचयुक्त र गुणस्तरीय वनाइनेछ । (आ)

घ. वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट जैविक, रासायनिक तथा भौतिक क्षेत्रमा मानव उपयोगी नवीन पदार्थहरूको विकास गरी औद्योगीकरण गर्न प्रोत्साहित गरिनेछ । (आ)

ङ. चिकित्सा तथा वातावरणको क्षेत्रमा नविनतम् प्रविधिको विकास गरी नागरिकको गुणस्तरीय जीवन प्राप्तिको लागि प्रोत्साहन गरिनेछ । (आ)

**नीति २.५.४** **जैविक विविधता, भू तथा जलाधार, प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र दिगो उपयोग गरी प्रदेशमा हरित अर्थतन्त्रको विकास गर्न विज्ञान प्रविधि र नवप्रवर्तनको माध्यमबाट उदीयमान तथा उपयुक्त प्रविधिहरूको विकास गर्ने । (२.३ख)**

२.५.४.१. रणनीति

अ. वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट उपयुक्त प्रविधिहरूको विकास गरी प्रदेशको जैविक विविधता, भू तथा जलाधार संरक्षण र दिगो उपयोगमा योगदान गर्ने । (७.४)

आ. प्रदेशको हरित अर्थतन्त्र विकासका लागि विद्यमान भौगोलिक अवस्था र जैविक विविधतालाई सम्बोधन गर्ने गरी प्राथमिकता क्षेत्रको पहिचान तथा वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनका कार्यक्रमहरू सञ्चालन गर्ने । (७.४)

२.५.४.१.१ कार्यनीति

क. जैविक विविधता, भू तथा जलाधार संरक्षणका परम्परागत मौलिक ज्ञान, सीप र प्रविधिको खोज अनुसन्धान तथा अभिलेखीकरण गर्दै संरक्षण संवर्द्धन र दिगो उपयोगका लागि प्रविधिको विकास गरिनेछ । (अ)

ख. संवेदनशील जलाधारको पहिचान तथा एकीकृत व्यवस्थापनको लागि वैज्ञानिक अनुसन्धान तथा प्रविधिको विकास गरिनेछ । (अ)

ग. प्रदेशको वन जङ्गल र जलाधारमा संरक्षित जैविक विविधतालाई जीवित जीन बैंक स्रोतको रूपमा उपयोग गर्दै उच्च मूल्यका जडीबुटी, वनस्पति, सूक्ष्म जीव, ढुसी तथा च्याउका प्रजातिहरूलाई व्यावसायिक एवम् गुणस्तरीय उत्पादन गर्न अनुसन्धान र नवप्रवर्तन मार्फत उपयुक्त प्रविधिको विकास गरिनेछ । (आ)

घ. प्रदेशमा उपलब्ध प्राकृतिक श्रोत साधनको दिगो उपयोग गर्ने गरी प्रविधि, ज्ञान र सीपमा आधारित उद्यमशिलता विकास गरिनेछ । (आ)

ङ. वन-जङ्गलमा र जलाधारमा रहेका जैविक तथा अजैविक पदार्थहरूको दिगो उपयोगका लागि नवीन उद्यमहरूको विकास गर्न अनुसन्धान, नवप्रवर्तनमा जोड दिइने छ । (आ)

नीति २.५.५ पारिस्थितिकीय प्रणालीको सन्तुलन, भू-क्षय, सुक्खा, बाढी पहिरो, आगजनी लगायतका विपद् नियन्त्रणमा वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट उपयुक्त प्रविधिहरूको विकास गर्ने । (२.३ ख)

२.५.५.१. रणनीति

अ. भू-क्षय, सुख्खा, बाढी पहिरो, आगजनी र तापमान वृद्धिमा नियन्त्रण, कमजोर भूगोल र प्राकृतिक श्रोतमाथि मानवीय चापको न्यूनीकरण, जैविक विविधता संरक्षण, प्राकृतिक आनुवंशिक श्रोतको संरक्षण, प्राकृतिक स्रोतहरूमा मानव निर्भरता न्यूनीकरण गर्न वैज्ञानिक अनुसन्धान र प्रविधिको विकास तथा उपयोग गर्ने ।

आ. सूचना प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्सको विकासबाट आपतकालीन सुरक्षा, विपद् पूर्वानुमान, कृषि तालिका र सूचना प्रणालीको विकास गरी सार्वजनिक पहुँचको सुनिश्चितता गर्ने ।

२.५.५.१.१ कार्यनीति

क. वायु, जल र जमिन प्रदूषण न्यूनीकरण, सन्तुलित पारिस्थितिक प्रणाली कायम राख्न हरित र चुस्त प्रविधि (Green and Smart Technology) को विकास गरिनेछ । (अ)

ख. जैविक विविधता र प्राकृतिक आनुवंशिक श्रोतको संरक्षण गर्न जीन बैङ्कको स्थापना गरिनेछ। (अ)

ग. जैविक विविधतामाथि हुने मानवीय दोहन न्यूनीकरण गर्न जैविक प्रविधि लगायत अन्य उदीयमान प्रविधिहरूको प्रयोग गरिनेछ । (अ)

घ. प्राकृतिक विपद्बाट हुने मानव जोखिम व्यवस्थापन र क्षति न्यूनीकरण गर्न कृत्रिम बौद्धिकता, विपद् पूर्वानुमान र सूचना-सञ्चार प्रविधि लगायतका उपयुक्त प्रविधिहरूको विकास गरिनेछ । (आ)

ङ. वार्षिक कृषि तालिका, मौसम पूर्वानुमान र अन्य विकसित प्रविधिहरूको सूचना प्रणालीको विकास गरी कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ । (आ)

नीति २.५.६ विज्ञान प्रविधि र नवप्रवर्तनको अधिकतम उपयोग गरी स्वच्छ वातावरण, जनस्वास्थ्य, खाद्य, आवास जस्ता संविधान प्रदत्त मौलिक हकमा सबैको पहुँच सुनिश्चित गर्ने । (२.३.ख)

२.५.६.१. रणनीति

अ. स्वच्छ वातावरण, आवास, खाद्य, स्वास्थ्य, आदि संविधान प्रदत्त मौलिक हक प्रत्याभूतिको लागि विज्ञान प्रविधि र नवप्रवर्तनको उपयोग गर्ने ।

आ. अनुसन्धान र नवप्रवर्तनबाट स्थानीय श्रोत र साधनको अधिकतम उपयोग हुने खालका प्रविधि विकास गरी प्रदेशमा दिगो तथा हरित-अर्थतन्त्रको विकास गर्ने ।

२.५.६.१.१ कार्यनीति

क. खाद्य तथा पेय पदार्थ, खानेपानी, औषधी, निर्माण सामाग्री, श्रृंगार सामाग्री जस्ता विभिन्न उपभोग्य वस्तुको उत्पादनको प्रविधि विकास र गुणस्तर कायम गर्न प्रादेशिक विज्ञान तथा प्रविधि सन्दर्भ प्रयोगशाला मार्फत प्रादेशिक मापदण्ड निर्धारण गरिनेछ । (अ)

ख. प्रादेशिक तथ्याङ्क, सूचना व्यवस्थापन र साइबर सुरक्षाका लागि उपयुक्त प्रविधिको विकास गरिनेछ । (अ)

ग. प्रादेशिक सुरक्षा र सम्वेदनशीलता कायम राख्न आधुनिक प्रादेशिक सूचना संयन्त्र प्रविधिको विकास गरिनेछ । (अ)

घ. सुरक्षित र सुलभ आवास निर्माणका लागि पदार्थ विज्ञान, काष्ठ तथा गैह्र काष्ठ पैदावारको वैज्ञानिक अनुसन्धान गरी उपयुक्त प्रविधिहरूको विकास गरिनेछ । (अ)

ङ. जैविक, रासायनिक र पारमाणविक पदार्थ, प्रविधि वा अन्य स्रोतको दुरुपयोग र दुर्घटनाबाट हुन सक्ने हानी-नोक्सानी न्यूनीकरण गर्न प्रविधिमा आधारित प्रादेशिक अनुगमन र नियन्त्रण प्रणालीको विकास गरिनेछ । (अ)

च. सामाजिक, आर्थिक र वैयक्तिक सूचना उपयोगमा सुरक्षाको प्रत्याभूति र अपराध नियन्त्रण गर्न विधि विज्ञान (Forensic science) लगायतका विषयहरूमा नवीन विधि तथा प्रविधिहरूको विकास गरिनेछ । (अ)

छ. प्राकृतिक स्रोतको संरक्षणमा टेवा पुग्ने गरी खतरामा परेका औषधिजन्य जडीबुटी, सुगन्धित वनस्पति लगायत उच्च मूल्यका वनस्पतिहरूको उत्पादन तथा प्रशोधन गर्ने प्रविधिको विकास गरिनेछ । (आ)

ज. प्रदेशको समृद्धिका लागि नयाँ सम्भावित क्षेत्रहरूको पहिचान गर्न वैज्ञानिक छलफल, गोष्ठी, अन्तरक्रिया, अनुसन्धान र नव-प्रवर्द्धनका कार्यक्रमहरू गरिनेछ । (आ)

झ. प्रदेशका वैज्ञानिक तथा प्राविधिक जनशक्ति, कृषि तथा वन पैदावारका उत्पादन तथा बजार वितरण प्रणालीलाई चुस्त राख्न प्रादेशिक तथ्याङ्क बैंकको विकास गरिनेछ । (आ)

ञ. वातावरणमा नकारात्मक प्रभाव पार्ने प्लास्टिक र प्लास्टिकजन्य पदार्थको प्रयोगमा निरूत्साहित गर्न वैकल्पिक जैविक पदार्थको विकास गरिनेछ । (आ)

ख. विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनमा लगानी अभिवृद्धि, पूर्वाधार विकास एवम् समपूरक अनुसन्धान प्रणालीको स्थापना गरी कार्यात्मक र परिणाममुखी नतिजा हासिल गर्न सम्बन्धित निकाय बीच आपसी समन्वय र सहकार्यको लागि उच्चस्तरीय संयन्त्रको निर्माणको लागि कानुनी आधार तयार गर्ने उद्देश्यसँग सम्बन्धित ।

| | |
|---|---|
| नीति २.५.७ | वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेशभित्रका सम्बन्धित निकायहरूको विकास, विस्तार, सबलीकरण तथा अन्तर निकाय समन्वय गर्ने । (२.३.ग) |

<u>२.५.७.१ रणनीति</u>

अ. प्रदेश भित्रका वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनसँग सम्बद्ध निकायहरूलाई सबलीकरण तथा समन्वय गर्ने ।

आ. प्रदेशको समृद्धि, भौगोलिक अवस्थिति, नागरिकको आवश्यकता, समस्या र त्यसको समाधानमा आधारित रहेर अनुसन्धान र नवप्रवर्तन गर्न शैक्षिक संस्था, अनुसन्धान निकाय तथा औद्योगिक प्रतिष्ठानलाई प्रोत्साहित गर्ने ।

<u>२.५.७.१.१ कार्यनीति</u>

क. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनबाट प्राप्त विधि, प्रविधि, सूचना एवम् वैज्ञानिकहरूको व्यवस्थित अभिलेख राख्न विज्ञान, प्रविधि तथा नवप्रवर्तन डेटाबेसको विकास गरिनेछ । (अ)

ख. विज्ञान प्रविधि तथा नवप्रवर्तन सञ्जाल स्थापना गरी बौद्धिक सञ्चार (Intellectual Circulation) को माध्यमबाट प्रविधि विकासमा संलग्न गराइनेछ । (अ)

प्रमुख सचिव

अनुसन्धान र प्रविधि विकासलाई थप बढवा दिन सार्वजनिक अनुसन्धान निकायहरू बीच सहकार्यको संस्कृतिलाई प्रोत्साहन गरी अनुसन्धानकर्ताहरूको पहुँच सुनिश्चित गरिने छ । (अ)

घ. सङ्घीय तथा स्थानीय सरकार, विश्वविद्यालय, अनुसन्धान केन्द्र, औद्योगिक संस्थाबीच सहकार्यलाई प्रवर्धन गर्दै विज्ञान तथा प्रविधिमा अध्ययन, अनुसन्धान र विकास (Research and Development) मा लगानी गर्न प्रोत्साहित गरिनेछ । (अ)

ङ. अनुसन्धान तथा विकास र नवप्रवर्तन (R&D and I) का लागि सरकार, निजी क्षेत्र र वैज्ञानिक बीच सहकार्य गर्न प्रोत्साहन गरिनेछ । यस्ता परियोजनामा अन्तर्राष्ट्रिय लगानी कर्तालाई समेत आकर्षित गरिनेछ । (आ)

च. प्रदेश सरकार र मातहतका शैक्षिक संस्था, अनुसन्धान प्रतिष्ठान र औद्योगिक संस्थाहरू बीच सहकार्य तथा समन्वयको वातावरणको विकास गर्न वैज्ञानिक-औद्योगिक संवाद (Academia-Industry Dialogue) कार्यक्रम सञ्चालन गरिनेछ । (आ)

छ. विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा वित्तीय एवम् औद्योगिक प्रतिष्ठानहरूसँग सहकार्य गरी श्रोतको उपलब्धताको आधारमा प्रादेशिक प्रविधि पार्क र अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको स्थापना गरिनेछ । (आ)

| | |
|---|---|
| नीति २.५.८ | विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनको उपयोग गरी समृद्धि हासिल गर्न सम्बन्धित निकायबीच सहकार्य र समन्वयको लागि विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साइन्स क्याबिनेट) र सञ्चालक समिति कानुनी आधार तयार गरी गठन गर्ने। (२.३.ग) |

**२.५.८.१ रणनीति**

अ. विज्ञान प्रविधि र नवप्रवर्तनको प्रभावकारी कार्यान्वयन गर्न बागमती प्रदेश विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साइन्स क्याबिनेट) गठन गर्ने ।

आ. विज्ञान तथा प्रविधि र नवप्रवर्तन कार्यलाई क्रियाशिल र प्रभावकारी कार्यान्वयन गर्न "बागमती प्रदेश विज्ञान प्रविधि र नवप्रवर्तन" सञ्चालक समिति गठन गर्ने । (७.८)



CamScanner

२.५.८.१.१ कार्यनीति

क. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तन मार्फत प्रदेशको एकीकृत तथा परिणाममुखी नतिजा हासिल गर्न मुख्यमन्त्रीको अध्यक्षतामा विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साइन्स क्याबिनेट) गठन गरिनेछ । (अ)

ख. प्रदेशको विकासका लागि विज्ञान प्रविधि तथा नवप्रवर्तनका प्राथमिकता क्षेत्रहरू पहिचान गरी लक्षित कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार, स्थानीय तह एवम् वैज्ञानिक अनुसन्धानसँग सम्बद्ध निकायबीच समन्वय एवम् सहकार्य गरिनेछ । (अ)

ग. प्रदेश सरकारबाट हुने विज्ञान, शिक्षा, स्वास्थ्य, कृषि, सूचना-प्रविधि, वन तथा वातावरण, पर्यटन आदि सम्बन्धित क्षेत्रका अनुसन्धान, तथा नवप्रवर्तनका कार्यक्रम प्रादेशिक प्रविधि पार्क र अनुसन्धान तथा नवप्रवर्तन केन्द्र स्थापना भएपछि सो मार्फत कार्यान्वयन गर्न सकिनेछ । (अ)

घ. विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति कार्यान्वयनको लागि विज्ञान तथा प्रविधि हेर्ने मन्त्रीको अध्यक्षतामा विज्ञान प्रविधि र नवप्रवर्तन सञ्चालक समिति गठन गरिनेछ । (आ)

ङ. विज्ञान प्रविधि र नवप्रवर्तन कार्यक्रमको सञ्चालन विज्ञान प्रविधि र नवप्रवर्तन सञ्चालक समितिबाट गरिनेछ । (आ)

च. विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनको प्रभावकारी कार्यान्वयन गर्न सो सँग सम्बन्धित बजेटलाई आवश्यकताको आधारमा विज्ञान प्रविधि तथा नवप्रवर्तन कार्यक्रम मार्फत एकीकृत रूपमा परिचालन गर्न सकिनेछ । (आ)

छ. विज्ञान प्रविधि र नवप्रवर्तन कार्यक्रमको लागि प्रदेश र सङ्घीय सरकारबाट प्राप्त अनुदान, विभिन्न अनुसन्धान र नवप्रवर्तन गर्नका लागि प्राप्त रकम, अनुसन्धान र नवप्रवर्तनबाट उपलब्ध प्रविधि, उत्पादित बस्तु वा सामाग्रीको हस्तान्तरण र बिक्रीबाट प्राप्त गरिनेछ ।

ग. परम्परागत ज्ञान, सीप र प्रविधिको खोज, व्यवहारिक र समस्या समाधानमा आधारित अनुसन्धान र नवप्रवर्तनमुखी एवम् वैज्ञानिक संस्कारको अवलम्बन गरी सामाजिक रूपान्तरण गर्ने उद्देश्यसँग सम्बन्धित ।

नीति २.५.९ प्राचीन, मौलिक तथा परम्परागत ज्ञान, सीप र प्रविधिको उजागर गर्दै यसको अन्वेषण, प्रलेखिकरण गरी मानव जीवनमा उपयोगी ज्ञान र प्रविधिलाई आधुनिक प्रविधिको माध्यमबाट स्तरोन्नती गरी व्यवसायीकरण गर्न प्रोत्साहित गर्ने । (२.३.घ)

२.५.९.१ रणनीति

अ. सभ्यता सँगै विकास भएका मौलिक तथा परम्परागत ज्ञान, सीप र प्रविधिको अन्वेषण, प्रलेखीकरण र भण्डारण गर्न आवश्यक मापदण्ड निर्धारण गर्ने ।

आ. मौलिक तथा परम्परागत ज्ञान, सीप र प्रविधिलाई अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट आधुनिक प्रविधिमा स्तरोन्नती गरी व्यावसायीकरण गर्न प्रोत्साहित गर्ने । (७.९)

२.५.९.१.१ कार्यनीति

क. परम्परागत ज्ञानको प्रलेखिकरण, त्यसबाट विकसित प्रविधि तथा वस्तुको बौद्धिक सम्पत्ति अधिकार प्राप्ति, संरक्षण, प्रवर्द्धन, गुणस्तरको सुनिश्चितता लगायतको व्यवस्था गरिनेछ । (अ)

ख. विज्ञान तथा प्रविधिको क्षेत्रमा मौलिक सृजनशीलतालाई बौद्धिक सम्पत्तिको अधिकारको रूपमा संरक्षित गरिनेछ । (अ)

ग. लोप हुन लागेका वा दुर्लभ मौलिक ज्ञान, सीप, प्रविधिलाई अन्वेषण, प्रलेखिकरण गरी सुरक्षित गरिनेछ । (अ)

घ. परम्परागत ज्ञान र सीपमा आधारित मौलिक उत्पादनलाई अनुसन्धान, नवप्रवर्तन र प्रविधि विकासबाट परिष्कृत गरी गुणस्तरीय वस्तु उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्न सक्षम बनाइनेछ । (आ)

ङ. मौलिक तथा परम्परागत ज्ञान र सीपमा आधारित उद्योगको आधुनिकीकरण गर्न प्रविधि हस्तान्तरणको लागि निजी क्षेत्रहरूलाई प्रोत्साहन गरिनेछ । (आ)

नीति २.५.१० प्रदेशको स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग हुने मौलिक र नवीनतम प्रविधिमा आधारित उद्यम र उद्यमशीलताको विकास गरी रोजगारीको अवसर सृजना गर्ने। (२.३.घ)

प्रमुख सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

२.५.१०.१ रणनीति

अ. विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म परम्परागत, मौलिक ज्ञान, सीप र प्रविधिको बारेमा अध्ययन, अनुसन्धान र नवप्रवर्तन गर्न प्रोत्साहित गर्ने ।

आ. वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनमा युवाको सिर्जनशीलता र विश्लेषणात्मक क्षमता अभिवृद्धि गर्न प्रारम्भिक शिक्षादेखि नै विज्ञान शिक्षण सिकाइलाई प्रयोगात्मक र व्यावहारिक बनाउने।

२.५.१०.१.१ कार्यनीति

क. परम्परागत मौलिक ज्ञान, प्रविधि र सीपको अध्ययन, अनुसन्धान गरी तिनलाई शैक्षिक कार्यक्रममा समावेश गर्न प्रोत्साहित गरिनेछ । (अ)

ख. विज्ञान, प्रविधि र नवप्रवर्तन मार्फत परम्परागत तथा स्थानीय मौलिक प्रविधिको विकासमा जोड दिइनेछ । (अ)

ग. विद्यालय र स्थानीय तहसँग सहकार्य गरी युवा वैज्ञानिक स्वयम्-सेवा (समुदायसँग युवा वैज्ञानिक) कार्यक्रम सञ्चालन गरिनेछ । (आ)

घ. सभ्यताको क्रममा विकसित भएका मौलिक तथा परम्परागत ज्ञान, सीप र प्रविधिको जगेर्ना र विकास गर्दै त्यस्ता पेशागत सीपहरूको स्तर निर्धारण गरी औपचारिक शिक्षासँग समकक्षता हुने गरी मान्यता प्रदान गरिनेछ । (आ)

नीति २.५.११ विद्यालय, विश्वविद्यालय तथा अनुसन्धानमूलक निकायको संस्थागत सुधार र क्षमता अभिवृद्धि गर्दै वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमुखी शिक्षा प्रणाली लागू गर्न प्रोत्साहित गर्ने । (२.३.घ)

२.५.११.१ रणनीति

अ. विज्ञान शिक्षालाई अनुसन्धानमुखी, व्यवहारिक र प्रयोगात्मक बनाउँदै समस्या समाधानमा आधारित अनुसन्धान र अनुसरणयोग्य नवप्रवर्तन प्रक्रियासँग आबद्ध गर्ने ।

आ. विज्ञान शिक्षा, वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनका कार्यक्रम विद्यालय तहसम्म पुऱ्याइनेछ ।

२.५.११.१.१ कार्यनीति

क. युवामा वैज्ञानिक सृजनशीलता र प्रतिभाको विकास गर्न समस्या समाधानमा आधारित रहने "यो तपाई आफै गर्नुहोस" (Do it Yourself, DIY) अवधारणा कार्यान्वयन गरी प्राप्त नतिजालाई विज्ञान मेला, प्रदर्शनी, ओलिम्पियाडको माध्यमबाट प्रतिस्पर्धा गराइनेछ । (अ)

ख. विश्वविद्यालय र कलेजमा समस्या समाधानमा आधारित स्नातकोत्तर र विद्यावारिधि कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । (अ)

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय/मन्त्रिपरिषद्
हेटौंडा, मकवानपुर

प्रमुख सचिव



CamScanner

ग. अनुसन्धान र नवप्रवर्तनबाट प्राप्त ज्ञान र प्रविधिलाई सरोकारवाला समक्ष प्रवाह गरी अनुसरणमा ल्याउन प्रोत्साहन गरिनेछ । (अ)

घ. विज्ञान शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्तालाई क्षमता अभिवृद्धि गर्ने अवसर प्रदान गरिनेछ । (अ)

ङ. प्राथमिकताका क्षेत्रमा शोधकार्य गर्न इच्छुक शोधार्थीलाई प्रतिस्पर्धाको आधारमा अनुसन्धान तथा नवप्रवर्तनका लागि वृत्ति प्रदान गरिनेछ । (अ)

च. विद्यार्थीहरूमा वैज्ञानिक, मौलिक सोच र नैतिक संस्कारको विकास गर्न प्रतिस्पर्धाको आधारमा अनुसन्धान र नवप्रवर्तन वृत्ति, छात्रवृत्ति, पोस्ट-मास्टर/पोस्ट-डक्टरल फेलोसिप, प्रतिभा कदर प्रोत्साहन, पुरस्कारको व्यवस्था गरिनेछ । (आ)

छ. विश्वविद्यालय, कलेज र विद्यालयमा विज्ञान शिक्षण सुदृढीकरण गर्न गुणस्तरीय प्रयोगशाला कक्ष तथा उपकरणको व्यवस्था गरिनेछ । (आ)

ज. विज्ञान तथा प्रविधि सम्बन्धी जर्नल, विभिन्न पुस्तक, पर्चा, बुलेटिन, श्रव्य दृश्य सामाग्री, वेबसाइट, सामाजिक सञ्जाल तथा सचेतना पोस्टर प्रकाशन गरिनेछ । (आ)

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

प्रमुख सचिव

## खण्ड ३ नीति तथा संस्थागत व्यवस्था

### ३.१ विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन क्षेत्रको निर्देशक नीति

(क) यो नीति बागमती प्रदेशको विज्ञान तथा प्रविधि अध्ययन, अनुसन्धान र नवप्रवर्तन क्षेत्रको निर्देशक नीतिको रूपमा रहनेछ । प्रदेशको विषयगत क्षेत्रहरू शिक्षा, स्वास्थ्य, कृषि तथा भूमि उपयोग, वन तथा वातावरण, उद्योग, नीति तथा रणनीतिको तर्जुमा गर्दा यस नीतिलाई ध्यानमा राख्नुपर्नेछ ।

(ख) यस नीतिको बागमती प्रदेशका अन्य क्षेत्रगत, विषयगत अध्ययन, अनुसन्धान नीतिसँग तादम्यता कायम गर्दै एक आपसमा परिपूरक सम्बन्ध रहनेछ ।

(ग) प्रदेशका विज्ञान शिक्षा, स्वास्थ्य, कृषि, खाद्य, वन, वातावरण, पर्यटन, उद्योग लगायतका अनुसन्धान र नवप्रवर्तनका नीति, कार्यक्रमहरू यस नीतिको उद्देश्य, नीति, रणनीति र कार्यनीतिहरुसँग अन्तर-सम्बन्धित र सामीप्य हुनेछन् ।

### ३.२ प्रदेश विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साइन्स क्याविनेट)

(क) बागमती प्रदेशको समृद्धि र सर्वाङ्गीण विकासका लागि अग्रणी भूमिकामा रहने विज्ञान प्रविधि र नवप्रवर्तन नीतिको प्रभावकारी कार्यान्वयनको लागि मार्गनिर्देशन गर्न, मन्त्रालय तथा सम्बन्धित निकायहरू बीच समन्वय र सहकार्य गर्न देहाय बमोजिमको उच्चस्तरीय विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साइन्स क्याविनेट) गठन हुनेछ।

| | |
|---|---|
| १. मुख्यमन्त्री | -अध्यक्ष |
| २. विज्ञान तथा प्रविधि हेर्ने मन्त्री | -उपाध्यक्ष |
| ३. मुख्यमन्त्रीले तोकेको मन्त्री | -सदस्य |
| ४. प्रमुख सचिव | -सदस्य |
| ५. विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालयको सचिव | -सदस्य-सचिव |

(ख) विज्ञान, प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साइन्स क्याविनेट) ले देहाय बमोजिमको कार्यहरू गर्नेछः

- विज्ञान तथा प्रविधि र नवप्रवर्तन कार्यक्रम सञ्चालन कार्यविधि, निर्देशिका बजेट तथा कार्यक्रम पारित गर्ने ।
- विज्ञान तथा प्रविधि र नवप्रवर्तन सम्बन्धी दीर्घकालीन तथा अल्पकालीन योजना र रणनीतिक योजनाहरू स्वीकृत गर्ने ।

- विज्ञान तथा प्रविधि र नवप्रवर्तन परिषद्को वार्षिक प्रतिवेदन उपर छलफल तथा समीक्षा गरी विज्ञान तथा प्रविधि र नवप्रवर्तन सञ्चालक समितिलाई आवश्यक निर्देशन दिने ।

(ग) निर्देशक समिति (साइन्स क्याविनेट) को बैठक सामान्यतया वर्षको एक पटक बस्नेछ ।

३.३ विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तन सञ्चालक समिति

क. विज्ञान तथा प्रविधि र नवप्रवर्तन सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| १) | मन्त्री, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय | अध्यक्ष |
| २) | सचिव, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय | सदस्य |
| ३) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४) | सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| ५) | विद्यावारिधि पश्चात् कम्तीमा १० वर्ष विज्ञान प्रविधि अनुसन्धान तथा नवप्रवर्तन क्षेत्रमा कार्य गरेका बागमती प्रदेशभित्रका वरिष्ठ वैज्ञानिकहरू मध्येबाट साइन्स क्याविनेटले मनोनयन गरेका फरक-फरक विधाका कम्तीमा एक महिला सहित तीन जना | सदस्य |
| ६) | उच्च शिक्षा विज्ञान प्रविधि तथा अनुसन्धान महाशाखा प्रमुख | सदस्य सचिव |

द्रष्टव्यः मनोनीत सदस्यको पदावधि ४ वर्षको हुनेछ र थप एक अवधिको लागि पुनः नियुक्ति हुन सक्नेछन् ।

ख. विज्ञान प्रविधि अनुसन्धान तथा नवप्रवर्तन सञ्चालक समितिका कार्यहरूः

- सञ्चालक समिति मातहतमा विज्ञान तथा प्रविधि र नवप्रवर्तन केन्द्रको सञ्चालन हुनेछ र यसको वित्तीय व्यवस्थापन र कार्यक्रम सञ्चालन सञ्चालक समिति मार्फत हुनेछ ।
- समितिले प्रदेशको विकास र समृद्धिलाई केन्द्रबिन्दुमा राखेर विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तनको कार्यक्रमहरूको प्राथमिकता क्षेत्र निर्धारण एवम् बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।
- वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकासबाट समाजलाई हानी-नोक्सानी हुन सक्ने गतिविधिहरूमा नियन्त्रण गर्न नैतिक अनुमति (Ethical Permission) को प्रावधान लागू गर्ने व्यवस्था मिलाउने ।
- प्रदेशस्तरमा वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकासमा संलग्न हुने व्यक्ति, संस्थाहरूको संस्था दर्ता तथा नवीकरण कार्यलाई कार्यविधि बनाई सहज बनाउने ।



प्रमुख सचिव

- सञ्चालित अनुसन्धान र नवप्रवर्तनका कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन र कार्यान्वयनमा सहयोग गर्न विज्ञ समूह सहितको उपसमिति गठन गर्ने । उपसमितिको संयोजक सञ्चालक समितिका सदस्य मध्येबाट हुनेछ ।
- समितिले प्रदेशको प्राथमिकता र विषयगत क्षेत्रको आधारमा विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तन विज्ञ समूह गठन गरी परिचालन गर्नेछ ।

ग. विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तन विज्ञ समूह

- विज्ञ समूहले उदीयमान विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तनका क्षेत्रमा नयाँ सोच र अवधारणाको विकास, प्राथमिकताका क्षेत्रको पहिचान, कार्यक्रमको कार्यान्वयन विधिको बारेमा सुझाव दिनेछन् ।
- विज्ञ समूह केन्द्रसँग आबद्ध भई सञ्चालित कार्यक्रमको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कनमा सहयोग गर्नेछन् ।
- नीतिको लक्ष तथा उद्देश्य प्राप्तिका लागि तोकिएका अन्य कार्य गर्नेछन् ।

### ३.४ आर्थिक व्यवस्था

#### ३.४.१ विज्ञान तथा प्रविधि अनुसन्धान र बजेट व्यवस्था

यस नीति कार्यान्वयनका लागि प्रदेश सरकारले विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कार्यका लागि प्राथमिकतासाथ बजेट विनियोजन गर्नेछ । आर्थिक श्रोत सङ्घीय सरकार, स्थानीय सरकार, वैदेशिक सहयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू, निजी क्षेत्र समेतबाट लगानी हुनेछ ।

#### ३.४.२ विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कार्यक्रम

विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कार्यक्रम सञ्चलानका लागि आवश्यक कानून, नियम र निर्देशिका बनाई विभिन्न निकायबाट सञ्चालन हुने सबै क्षेत्र र विधाका अनुसन्धान र नवप्रवर्तन परियोजनालाई एक आपसमा परिपूरक हुने गरी प्रादेशिक अनुसन्धान, नवप्रवर्तनका कार्यक्रम लागू गर्नेछ ।

### ३.५ कानूनी व्यवस्था

यस नीतिको कार्यान्वयनको लागि आवश्यक ऐन, नियम तथा निर्देशिकाको व्यवस्था गरिनेछ । यस नीतिको कार्यान्वयनका लागि सञ्चालक समितिको सचिवालयले सहजीकरण, समन्वय र नियमनकारी भूमिका निर्वाह गर्नेछ ।

क) विज्ञान तथा प्रविधि नीतिको कार्यान्वयनको लागि आवश्यकता अनुसार नीति, ऐन, नियम, विनियम, निर्देशिका बनाई लागू गरिनेछ ।

ख) वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवंप्रवर्तन सम्बन्धी कार्यमा संलग्न हुन चाहने संघ संस्थालाई सहज दर्ता र नवीकरणका लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

### ३.६ अन्य नीति सँगको सम्बन्ध

यस नीतिको कार्यान्वयनमा विशेष गरी सङ्घीय नीति र बागमती प्रदेश सरकारको शिक्षा, स्वास्थ्य, वन तथा वातावरण, पर्यटन, उद्योग, खाद्य, सूचना प्रविधि, युवा, नीतिसँग परिपूरक सम्बन्ध रहनेछ । यस नीतिमा सङ्घीय सरकारको कार्यक्षेत्रमा पर्ने राष्ट्रिय सुरक्षा, पारमाणविक, रेडियोधर्मी लगायतका नीति समावेश गरिएको छैन । संविधानले प्रदत्त गरेको संध र प्रदेशको संयुक्त जिम्मेवारी र प्रदेशको सरकारले गर्नुपर्ने कार्य क्षेत्रको जिम्मेवारीमा आधारित रहि यो नीति तर्जुमा गरिएको छ।

### ३.७ नीति कार्यान्वयनको जिम्मेवारी

बागमती प्रदेश सरकारले प्रदेश भित्र नीति कार्यान्वयन गर्न आवश्यक ऐन, नियम, विनियम, निर्देशिका बनाउनेछ । प्रदेशको योजना र विकासका नीति कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा यस नीति अनुकूल गरिनेछ । मुख्यतयाः यो नीतिको कार्यान्वयनको जिम्मेवारी बागमती प्रदेश सरकारको हुनेछ ।

### ३.८ नीतिको कार्यक्षेत्र

प्रदेश सरकारले यस नीतिको कार्यान्वयन गर्दा नेपालको संविधान बमोजिम प्रदेशको अधिकार क्षेत्र भित्र परेका कार्यक्रम तथा आयोजना मात्र कार्यान्वयन गर्नेछ ।

### ३.९ नीति परिमार्जन तथा सुधार

(क) यस नीति कार्यान्वयन भएको चार वर्षमा पहिलो पटक र त्यसपछि हरेक पाँच-पाँच वर्षमा आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।

(ख) नीतिको पुनरावलोकनको क्रममा विज्ञान तथा प्रविधि र नवप्रवर्तन सञ्चालक समितिको सचिवालयले वैज्ञानिक, सम्बन्धित सार्वजनिक निकाय, विश्वविद्यालय, दातृ निकाय, निजी तथा गैरसरकारी क्षेत्रका विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित संघ-संस्थालाई समेत सहभागी गराइनेछ ।

प्रमुख सचिव